सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १५५ ♦ २०८१ साल माघ १ गते मंगलवार ♦ 14 Jan 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वनिर्देशक ठाकुर पक्राउ

**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, जनकपुरधाम**

जनकपुरधाम- वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वनिर्देशक बलराम ठाकुरलाई ठगी मुद्दामा प्रहरीले पक्राउ गरेको छ। सरकारी छाप तथा दस्तखत किर्ते गरी ३० लाख रुपैयाँ हिनामिना गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा धनुषामा जाहेरी दिएको आधारमा आरोपित पूर्वनिर्देशक ठाकुरलाई सोमबार ललितपुरको भैंसेपाटीबाट पक्राउ गरिएको जनाइएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले जनाए अनुसार ठगी तथा दुरुपयोग आरोपमा अनुसन्धानका लागि ललितपुर परिसरको सहयोगमा ठाकुरलाई भैंसेपाटीबाट पक्राउ गरिएको पुष्टि गरेका छन् । उनलाई जनकपुरधाम ल्याएर अनुसन्धान अघि बढाइएको धनुषा प्रहरीले जनाएको छ । आरोपित पूर्वनिर्देशक ठाकुरसँगै वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अन्य तीनजना कर्मचारी पनि सरकारी छाप र दस्तखत किर्ते गरी ३० लाख रुपैयाँ ठगी गरेका थिए ।

ठगी प्रकरणमा संलग्न रहेका ठाकुरसहित वृहत्तर जनकपुर लेखापाल सावित्री गिरी, प्रशासान प्रमुख जितेन्द्रकुमार यादव र जिन्सी शाखा प्रमुख मदनकुमार चौधरी थिए । उनीहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा गत मंसिर मै जाहेरी परेको थियो। वृहत्तर जनकपुरमा हिनामिना, पूर्वनिर्देशक र कर्मचारीविरुद्ध पक्राउ पुर्जी जाहोरी दर्ता भएपछि धनुषा जिल्ला अदालतले उनीहरूलाई पक्राउ गरी थप अनुसन्धान अघि बढाउन आदेश दिएको थियो ।

अदालतको सो आदेशपछि पूर्वनिर्देशक ठाकुर फरार रहँदै आएका थिए । जाहेरी दर्ता भइसकेपछि जिल्ला अदालतले पक्राउ गर्न आदेशसमेत दिइसकेको छ अवस्थामा ठाकुर सहितलाई पक्राउ गर्न खोजी भइरहेको प्रहरीले जनाउँदै आएको थियो। महोत्तरी जिल्ला एकडारा गाउँपालिका बस्ने मुकेश यादवको नाममा विभिन्न मितिको हुँदै नभएको गाडी भाडावापत २०७६ असार ३१ गते किर्ते सम्झौता पत्र र कार्यदेश तयार गरी ३० लाख रुपैयाँ वृहत्तर जनकपुरको खाताबाट निकालेको थियो। र कम निकालिएको जानकारी यादवले पछि थाहा पाएका थिए । आफ्नो नाममा किर्ते गरी रकम निकालेको थाहा पाएपछि यादव प्रहरीमा गएर जाहेरी दिएका थिए ।

आफ्नो दस्तखतसमेत किर्ते गरी भएको भ्रष्टाचार प्रकरणमा यादवले प्रमाणसहित प्रहरीमा जाहेरी दिएका थिए । यादवले



दिएको जाहेरीपछि उनले आफ्नो नामको निवेदनसमेत वृहत्तर जनकपुरका कर्मचारीले बनाएको बताएका छन् । यादवले आफूले रकम बुझेको गोश्वारा भौचर, आफ्नो नाममा बनाएको चेक नं. ३६४२४९४१, पेश्की फछ्र्यौटको लागि दिएको निवेदन पत्रसमेतमा कर्मचारीहरूले दस्तखत किर्ते गरी हिनामिना गरेको थियो । त्यतिबेला आफ्नो नाममा हुँदै नभएको महिन्द्रा कम्पनीको डिजेलबाट चल्ने स्कार्पियो चार चक्के गाडी सिलिन्डर ४ : २१७९ हर्ष पावर सी.सी.एम.ए आइ.टी.ए.जे एक्स ९२ एच २४१२३ इन्जिन नं. क्युएम्यु१४एच२४१२३ सिट क्षमता-८ प्रयोग गरेको कागजपत्र वृहत्तर जनकपुरका पदाधिकारी र कर्मचारीले बनाएर रकम हिनामिना गरेको ब्यहोरा यादवले दिएको जाहेरीमा लेखिएको छ ।

निजी प्रयोगमा रहेको बा. १६ च. ६४७ नं. प्राइभेट जिप आफ्नो नाममा नरहेको अवस्थामा पनि सरकारी छाप, दस्तखत, किर्ते गरी सहमति भएको देखाई विभिन्न कागजात तयार गरेर २०७६ असोज ७ गतेको गोश्वारा भौचार नं. २६ बाट मर्मतको लागि पेश्की १० लाख रुपैयाँ प्राप्त गरेको देखाएर

बाँकी पृष्ठ २ मा

## धनुषा प्रहरी विरुद्ध युवाहरुको नाराबाजी एवम प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, महेन्द्रनगर**

जनकपुरधाममा युवाहरुले टायर बालेर धनुषा प्रहरीविरुद्ध नाराबाजी एवम प्रदर्शन गरेका छन् ।

सोमबार नेकपा एमाले निकट विद्यार्थी संगठन अनेरास्ववियुका युवाहरुले जनक चोकमा टायर बालेर प्रदर्शन गर्नुका साथै धनुषा प्रहरीविरुद्ध नाराबाजी गरेका छन् । घर भाडाको विषयमा छलफल गर्न जिल्ला प्रहरी कार्यालय धनुषा पुगेका युवाहरु र अर्को पक्षबीच कुरा नमिल्दा होहल्लाको स्थिती सृजना हुँदा राष्ट्रिय युवा संघका प्रदशस अध्यक्ष लभ अधिकारीमाथि एक जना हवलदारले कालर समातेर हातपात गरेको भन्दै आफूहरुले विरोध गरेको अनेरास्ववियु धनुषा जिल्ला अध्यक्ष पुरुषोत्तम चौधरीले जानकारी दिए । हवलदारले गरेको अभद्र व्यवहारको जानकारी इन्सपेक्टर एस के यादवसमक्ष गर्न जाँदा उल्टै उनले आफूहरुमाथि झन बढि दुर्व्यवहार गरेको अध्यक्ष चौधरीली सुनाए ।

मुख्य चोकमै टायर बालेर प्रदर्शन गर्ने क्रममा प्रहरीले आगो निभाएका छन्। आक्रोसित युवाहरु सडकको बीचमै बसेर बाटो अवरुद्ध बनाएका छन् । अहिले जनक चोकमा प्रहरी र



सुरक्षा बलको बाक्लो उपस्थिती रहेको छ ।

यता इन्सपेक्टर एक के यादवसंग फोन सम्पर्क गर्दा उनले छलफलको क्रममा विवाद हुँदा आफूहरुले सम्झाउन मात्र खोजेको र युवाहरुले लगाएको आरोपमा कुनै सत्यता नरहेको प्रतिक्रिया दिएका छन् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सर्लाहीबाट अपहरित बालकको सफल उद्धार, हतियारसहित तीनजना पक्राउ

**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, बर्दिवास**

जिल्ला प्रहरी कार्यालय सर्लाहीले अपहरित १५ वर्षीय भारतिय बालकको सफल उद्धार गर्दै तीन जना अभियुक्तलाई पक्राउ गरेको छ।

पुस २८ गते करिब १ बजे भारतिय बालकलाई बन्धक बनाई राखेको सूचनाको अधारमा अभियुक्तहरूलाई नियन्त्रणमा लिएर ब्रह्मपुरी गाउँपालिका-४ स्थित भारतीय सीमा क्षेत्रबाट उद्धार गरिएको हो। अपहरणको घटना नेपाल-भारत सीमावर्ती क्षेत्रबाट भइरहेको सूचना प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय, सर्लाहीको टोलीले विशेष निगरानी गर्दै बालकलाई सकुशल उद्धार गरेको हो। पक्राउ पर्नेमा ब्रहम्पुरी गाउपालिका ४ बस्ने रामजी साह, सोही ठाउका विक्रम पासवान र भारत बिहार मुसहर्निया बस्ने प्रवचन साह रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । उनीहरुले राखेको कटुवा पेस्तोल १, गोली २, धारिलो हतियार (चक्कु) १, मोबाइल फोन र BR०६BT२८५० नम्बरको मोटरसाइकल बरामद गरिएको हो ।

पक्राउ परेका अभियुक्तहरूमाथि थप अनुसन्धानका लागि सर्लाही जिल्ला अदालतबाट ७ दिनको म्याद थप अनुमति लिइएको छ। जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रवक्ता डीएसपी दिपक श्रेष्ठले बालकलाई सकुशल उद्धार गर्नु प्रहरीका लागि ठूलो उपलब्धि भएको बताउँदै, घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रतिबद्ध रहेको जानकारी दिए ।


पक्राउ अभियुक्तहरु


बरामद हातहतियार


पक्राउ ... राखेको घर


बरामद मो.सा.

# वृहत्तर जनकपुर ....

हिनामिना गरिएको विवरण यादवको जाहेरीमा छ ।

१० लाख रुपैयाँ प्राप्त गरेको देखाएपछि फेरि अर्को दस्तखतसमेत किर्ते गरी बाँकी रकमको एउटा निवेदनको मिति केरमेट गरी २०७७ असार ३० गतेको को दर्ता नं. समेत प्रष्ट नबुझिएको निवेदनसमेतमा बाँकी रकम दिने भनि तत्कालीन कार्यकारी निर्देशकले आर्थिक प्रशासन शाखाको नाममा तोक आदेश गरिएको व्यहोरा जाहेरीमा छ ।

तत्कालीन कार्यकारी निर्देशक ठाकुरले आफ्नो दस्तखतसमेत गरी निवेदनको पुछारमा निवेदक मुकेश यादव जनकपुर लेखेर निवेदन पत्रमा उल्लेखित मितिसमेत केरमेट गरी त्यसको मुनि एकडारा-८ उल्लेख गरी आफ्नो किर्ते दस्तखत गराई सरकारी रकम निकासा गरी गरेको भेटिएको यादवले जाहेरीमा लेखेका छन् ।

हिनामिनाका क्रममा यादवको नामबाट किर्ते दस्तखत गरी गराई पूर्वनिदेशक ठाकुरले एक वर्षको भाडा दैनिक ५ हजार रुपैयाँका दरले लिएको, डिजेल, मोबिल, चालकको खर्चसमेत बुझ्ने गरेको जिकिर यादवले जाहेरीमा गरेका छन् । यता वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्मा केही वर्षयता कार्यकारी निर्देशक र कर्मचारीहरूबीचको मनमुनाटवले कार्यालयको दैनिक काम प्रभावित छ ।

# वर्दिबासमा दोश्रो मेयर कप क्रिकेट प्रतियोगिता आज देखि सुरु हुँदै

**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, बर्दिवास**

बर्दिवास नगपालिकामा दोस्रो मेयर कप वडा स्तरीय क्रिकेट प्रतियोगिता -२०८१ मंगलावर देखि सुरु हुने भएको छ । बर्दिवास नगरपालिकाको आर्थिक सहयोग र श्री सर्च ०४४ खेलकुद तथा संगितसंस्थाको आयोजनामा बर्दिवास नगरपालका वडा नं. २ को रंगशालामा विहान ११ : ३० बजे बाट खेल सुचारु हुने छ । मंगलवार हुने पहिलो खेलमा बर्दिवास नगरपालिका वडा नं.१ र बर्दिवास नगर पालिका वडा नं. ९ पशुपतिनगर बिच हुनआयोजक संस्थाका संयोजक इमेश साह अनिशले बताएका हुन । आजदेखि सुरु हुने प्रतियो गिताको नगर प्रमुख प्रहलाद कुमार क्षेत्रीले उद्घाटन गर्नुहुने संयोजक साहले जानकारी गराएका हुन ।



दोस्रो मेयर कप वडा स्तरीय क्रिकेट प्रतियोगिता -२०८१ मा सहभागिहुने खेलाडीहरु वडाको स्थायि वासी रहेको वडावाट प्रमाणित गर्नुपर्ने नियम रहेको आयोजकले वताएको छ । खेलमा प्रथम हुने टिमलाई रु.५१,००० र दोश्रो हुने लाई रु.२५,००० पुरस्कारको व्यवस्था गरीएको छ ।

## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरु ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धनुषामा एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न



**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, महेन्द्रनगर**

धनुषा, पुस २९ - धनुषाको धनुषाधाम नगरपालिका वडा नं. ८ कुम्हरामा एक दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ। कुम्हरा युवा क्लबको आयोजनामा तथा जानकी मेडिकल शिक्षण अस्पताल र मदैया भवाडी धनुषाको प्राविधिक सहयोगमा सम्पन्न स्वास्थ्य शिविरमा २९४ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन्। स्वास्थ्य शिविरमा हाडजोर्नी, मेडिसिन, पेट, छाती, मुटु, मृगौला, कान-घाँटी, छाला रोग, सर्जरी, बालरोग, आँखा, स्त्री तथा प्रसूति विभाग, रक्त परीक्षण र अल्ट्रासाउन्ड जस्ता सेवाहरू प्रदान गरिएको थियो। कुम्हरा, केशवकुट्टि, मुलाबारी, धारापानी, सरस्वतीपुर र किसानपुर भगवानपुर लगायतका क्षेत्रका स्थानीय बासिन्दाले शिविरको सेवा लिएका थिए।

शिविरको अध्यक्षता कुम्हरा युवा क्लबका अध्यक्ष एवं रेडियो धनुषा ९९.७ मेगाहर्जका सञ्चालक मुकेश कुमार ठाकुरले गरेका थिए। प्रमुख अतिथिका रूपमा धनुषाधाम नगरपालिकाका उपप्रमुख विद्या देवी भुजेल सहभागी थिइन्। बिशिष्ट अतिथिहरूमा नेकपा एमालेका केन्द्रीय सल्लाहकार असर्फी भिन्वार यादव, माओवादी केन्द्रका प्रदेश सदस्य झल्कु भिन्वार यादव, शिक्षा शाखा प्रमुख विष्णु मण्डल, जनता समाजवादी पार्टी नेपालका युवा नेता जगतनारायण लगायतको उपस्थिति थियो।

शिविरमा कुम्हरा युवा क्लबका पदाधिकारी र स्थानिय नेताहरूको सक्रिय सहभागिता रहेको थियो। प्रगतिशील जनता प्राथमिक विद्यालय कुम्हराको प्राङ्गणमा सम्पन्न शिविरमा स्थानीय जनता उत्साहपूर्वक सहभागी भएका थिए।

शिविरको व्यवस्थापन र सेवा प्रभावकारी भएकोले सहभागीहरूले आयोजकप्रति आभार व्यक्त गरेका छन्।

# ५८ जिल्लामा भूमि आयोगका अध्यक्ष नियुक्त, धनुषामा सुरेश कुमार कोइराला र महोत्तरीमा पिताम्बर महतो





**खबर दर्पण समाचारदाता**

**पुस २९ गते, बर्दिवास**

सरकारले ५८ जिल्लामा भूमि आयोगका अध्यक्ष नियुक्त गरेको छ। धनुषामा सुरेश कुमार कोइराला र महोत्तरीमा पिताम्बर महतोलाई नियुक्त गरिएको छ।

गठबन्धनमा रहेका कांग्रेस र एमालेले भागबन्डा गरेर आयोगमा जिल्ला अध्यक्ष र सदस्य नियुक्त गरेका हुन्। भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा सोमवार नै नवनियुक्त अध्यक्षहरूको शपथ ग्रहण गराइएको छ।

गठबन्धनमा आन्तरिक सहमति बाँकी भएकाले केही जिल्लाका अध्यक्ष खाली राखिएको छ। नियुक्त गर्न बाँकी जिल्लाहरूमा तेह्रथुम, धनकुटा, खोटाङ, सुनसरी, सप्तरी, रौतहट, दोलखा, काभ्रेपलाञ्चोक, धादिङ, चितवन, मकवानपुर, गोरखा, पर्वत, स्याङ्जा, म्याग्दी, बागलुङ, बझाङ, कालीकोट र कञ्चनपुर रहेका छन्। जुम्लामा भने नियुक्ति भइसकेको नाम आउनमात्र बाँकी छ।

७७ जिल्लामध्ये सत्तारुढ नेकपा एमाले र नेपाली कांग्रेसले ३७-३७ जिल्ला र ३ जिल्लामा मधेश केन्द्रित दललाई भाग लगाइएको थियो।

सहमतिमा जिल्लाको नेतृत्व मिलाउने भनिएपनि एमाले र कांग्रेसले पाएकै केही जिल्लामा आन्तरिक विवादका कारण टुंगो लाग्न सकेको छैन। एमालेले पाएका मध्ये ३ र कांग्रेसले पाएका जिल्लामध्ये ३ जिल्लामा यस्तो विवाद रहेको छ।



मिथिला नगरपालिका
धनुषा



गणेशमान चारनाथ
नगरपालिका, धनुषा



औरही नगरपालिका,
महोत्तरी

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घ्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# आज तिला संक्रान्ति पर्व मनाइँदै

**खबर दर्पण समाचारदाता**
**पुस २९ गते, बर्दिवास**

मंगलबार तिला संक्रान्ति मनाइँदै छ ।
तिला संक्रान्तिको दिन एकाविहानै स्नान गरी घरका ज्येठ नागरिकसंग आशीर्वाद थाप्दै मुरही, तिल र चुरासहितको मिठा मिसाएर बनाइएका विभिन्न परिकारहरु खाने परम्परा रहेको छ । यस दिन खिचडी, घ्यू, पापर, दही, अचार सहितका विभिन्न खानेकुराका परिकारहरु खाएर तिला संक्रान्ति मनाइन्छ । तिला संक्रान्तिका दिनदेखि तिलको दाना आकारमै रात छोटो र दिन लामो हुँदै जाने धार्मिक मान्यता रहेको छ । माघ महिनाको आरम्भसंगै मनाइने यस पर्वलाई माघे संक्रान्ति, मकर संक्रान्ति, तिला संक्रान्ति भनेर पनि सम्बोधन गरिन्छ ।
तराई-मधेशका मिथिलावासी, थारू समुदाय, बातर समुदायसहित अन्य समुदायमा संक्रान्तिलाई पर्व एवम् उत्सवको रुपमा मनाइने गरि एको मनोज माझीले जानकारी दिए । सो पर्वमा परिवारका ठूलाबडा र आमा बाबुले सन्तान र आफू भन्दा सानालाई मिठा र तिल मिसाएर कम्तीमा तीन पटक खुवाउने गरिन्छ । सन्तानहरुबाट आमाबुवाले बुढेसकालसहित आजीवन सहारा भई सेवा गर्नुपर्ने बचनबद्धता व्यक्त गराउने गरी तिलको मिठा खुवाउने चलन रहेको स्थानीय ज्येष्ठ नागरिक शान्ति देवी यादवले जानकारी दिए ।
सो पर्वमा खिचडी, तिल, चुरा, मुरहीका लड्डु लगायतका परिकारहरु तयार पारी पूजापाठ गरी घरका देवीदेवतालाई चढाएर खाने र खुवाउने परम्परा रहेको छ । धार्मिक मान्यता अनुसार भगवान र भगवती दुवैलाई सम्मान र श्रद्धाका साथ पूजाआजा गरी भगवतीलाई सिन्दूर, चुरा र तिलको लडडु चढाइन्छ भने भगवानलाई मिठाई, फलफूल र तिलको लड्डु अनिवार्य रूपमा चढाई खिचडीको भोग लगाउने चलन रहेको गृहिणी रामकुमारी देवीले बताए ।
तिला संक्रान्तिका दिन ठूलाबडाको आशीर्वाद ग्रहण गरी तिललाई खाएपछि सुयोग्य वर प्राप्तिको कामना गरी फल प्राप्ति हुन्छ । तिला संक्रान्तिमा आत्मीय प्रेम, सामाजिक सद्भाव, शारीरिक ऊर्जा, पोषण प्राप्तिसँगै पापबाट मुक्ति पाउने धार्मिक विश्वास छ ।

# धनुषाधाममा एक महिने मकर संक्रान्ति मेला शुरु



**खबर दर्पण समाचारदाता**
**पुस २९ गते, बर्दिवास**

धनुषाको प्रसिद्ध धार्मिक स्थल धनुषाधाममा मंगलबारदेखि एक महिने मकर संक्रान्ति मेला शुरु भएको छ ।
माघ महिनाको प्रत्येक साताको आइतबार र मंगलबार लाग्ने तिला मेलाको शुभारम्भ मंगलबार नै परेको छ । धनुषाधाममा लाग्ने मकर मेलाको व्यवस्थापन धनुषाधाम नगरपालिका तथा मन्दिर व्यवस्थापन समितिले गर्दै आएको छ । धनुषाधामको मक्कर मेला भर्नका लागि नेपालका विभिन्न जिल्लाका अतिरिक्त भारतको विभिन्न प्रदेशबाट पनि ठूलो संख्यामा श्रद्धालु भक्तजनहरू आउने गरेको छ ।
धनुषाधाममा रहेको धनुषा मन्दिरमा पूजा अर्चना गरेको खण्डमा चिताएको सबै कुरा पुरा हुने भएकाले ठूलो संख्यामा भक्तजनहरू आउने गरेका छन् । त्रेता युगमा राजर्षि जनकको प्रतिज्ञा अनुसार भगवान् श्रीरामले भगवान् शिवको पिनाक धनुषमा प्रत्यञ्चा चढाउँदा तीन टुक्रा भएका थिए । तीन टुक्रा मध्ये एक पाताल अर्को आकाश तथा तेस्रो धनुषाको धनुषाधाममा खसेका थिए ।
धनुषाधाममा धनुषको आकार जस्तो देखिने अलौकिक धातु अहिले पनि रहेको र सो धातु नै भगवान् शिवको पिनाक धनुष रहेको धार्मिक मान्यता रहेको कारणले तिला संक्रान्तिको मेलामा धनुषको दर्शनका लागि लाखौं भक्तजनहरू धनुषाधाम पुग्ने गरेको छ ।


## शीतलहरबाट बच्ने उपायहरु:

- चिसो बढी भएको दिन वा समयमा सकभर बाहिर ननिस्कने ।
- चिसोबाट जोगिन शरीर ढाँक्ने र बाक्लो कपडा लगाउने ।
- पानी उमालेर मात्र पिउने, सकभर नुहाँउदा या अन्य प्रयोजनको लागि पनि तातोपानी प्रयोग गर्ने ।
- बालबालिका, गर्भवती महिला र बृद्धहरुलाई न्यानो कपडा लगाउन लगाउने र लगाउनको लागि प्रेरित गर्ने ।
- बस्ने कोठा न्यानो गराउने ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित स्तनपान गराई राख्ने।
- कुनै पनि मानिसलाई दम बढेमा, रुघाखोकी लागेमा, ज्वरो आएमा, निमोनियाका लक्षणहरु देखा परेमा, तुरुन्त आवश्यक उपचारको लागि स्वास्थ्य संस्थामा लैजान र जान सल्लाह दिने।
- धूम्रपान र मद्यपान सेवन नगर्ने र नगराउने ।
- ताजा खाना मात्र खाने साथै पोषण युक्त र झोलिलो खाने कुराहरु तातो छँदै प्रशस्त खाने ।
- जाडोबाट बच्न बालेको आगो नजिक होसियार भएर बस्ने ।

**रामगोपालपुर नगरपालिका**
**महोत्तरी**



## सूचना ! सूचना !! सूचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१।०९।०७ को निर्णय अनुसार यस संस्थाको २२ औं साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्यलाई उपस्थितीको लागि अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियो मार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितीको लागि अनुरोध गरिन्छ

**तपशील**
मिति : २०८१।१०।०३ बिहिवार
समय : ११ बजे देखी
स्थान : IRDS, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**
अध्यक्ष

**समाज वचत तथा ऋण सहकारी संस्था**
**बर्दिबास -०१, महोत्तरी**
सम्पर्क नम्बर : ९८१९८१४४३६,९८४४०५२६३८



## अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
**मेनरोड बर्दिवास, महोत्तरी**
044-550255


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,